## धुलिखेल नगरसभाको नवौं अधिवेशनमा नगर प्रमुख
## श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट
## मिति २०७८ असार ७ गते

# धुलिखेल नगरपालिका
## Dhulikhel Municipality
## नगर कार्यपालिकाको कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

# धुलिखेल नगरपालिकाको नवौं नगर सभामा नगर प्रमुख श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठले प्रस्तुत गर्नु भएको बजेट नीति तथा कार्यक्रम

**खानेपानी तथा सरसफाई तर्फः**

1. नगर क्षेत्र भित्र पर्याप्त खानेपानीको व्यवस्थाको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी खानेपानीका आयोजनाहरुलाई प्रथमिकताका साथ अगाडि बढाईनेछ।

2. धुलिखेलको सघन एरियामा खानेपानी सुनिस्चित गर्न नेपाल सरकार, नगर विकास कोष र नगरपालिकाको साझेदारीमा काभ्रे उपत्यका एकीकृत खानेपानी परियोजना आगामी आवको पहिलो चौमासिक अवधिमा सम्पन गरि लाभग्राहिहरुलाइ खानेपानीको सहज आपूर्ति गरिने छ। खानेपानी वितरणका लागि स्थानीय मुहानहरुबाट पानी सकलन गरी वितरण गर्ने नीति लिईने छ।

3. धुलिखेल नगरपालिकाको बाँकी स्थानमा खानेपानी सुनिश्चित गर्न **एक घर एक धारा** नीति अनुरुप हाम्रो कार्यकालभित्रै सम्पूर्ण धुलिखेलवासीको लागि खानेपानीको उपलव्धता सुनिश्चत गर्ने ब्यवस्था मिलाएको छु।

4. गुणस्तरीय खानेपानी वितरणको अवधारणालाई अवलम्बन गर्दै खानेपानी परीक्षाण र शुद्धिकरणलाई प्राथमीकता दिईने छ।

5. धाराको मीटरमा उठ्ने न्युनतम पानीको महसुल छुट गर्ने सम्वन्धमा अध्ययन गरी आवश्यक प्रवन्ध मिलाइने छ।

6. नगरभित्रका खानेपानी आयोजनाको मर्मत सम्भार तथा बितरण र महसुल संकलन कार्यलाई प्रविधिमैत्री बनाउन नगरपालिका र कोरियन सरकारको सहयोगमा Smart Water कार्यक्रम कार्यान्वयन गरिने छ।

7. नगर क्षेत्र भित्रका सबै खानेपानी आयोजना हरुको संरक्षण, संचालन, मर्मत संहार तथा महशुल व्यवस्थामा एकरुपता तथा प्रभावकारिताका लागि उपभोक्ता समितिहरुको एकल नगरस्तरीय बोर्ड गठन गर्न कानुनी प्रवन्ध गरिनेछ ।

8. खानेपानी तथा सरफाई कार्यक्रम कार्यान्वयका लागि तीन करोड साठीलाख वजेट विनियोजन गरेको छु।